नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

# आ.ब ०७८/७९ को दोस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

| | वासलात | | | |
|---|---|---|---|---|
| | | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको |
| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १३४,५११,६०६,८४६ | १२७,४६०,४४१,१३५ | ११०,१३८,९२६,६७९ |
| १.१ | चुक्ता पूँजी | ७,१९९,९७०,६६१ | ७,१९९,९७०,६६१ | ७,१९९,९७०,६६१ |
| १.२ | जगेडा तथा कोष | १,७५२,५२३,२०१ | ८६९,६४८,९५५ | १,०५३,४५७,८५३ |
| १.३ | जीवन बीमा कोष | १२४,८३९,३५४,९२१ | ११८,७५९,४४६,५५५ | १०१,२८६,५४३,४१८ |
| १.४ | महाविपत्ती कोष जगेडा | ७१९,७५८,०६३ | ६३१,३७४,९६५ | ५९८,९५४,७४७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १३४,५११,६०६,८४६ | १२७,४६०,४४१,१३५ | ११०,१३८,९२६,६७९ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०८,८१०,४४८ | २९८,६९०,६५५ | ३११,४८९,३८५ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४७,४६०,१६०,३२० | ५०,०५४,५५०,०१४ | ५१,३५३,३७४,२१२ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २१,६७८,४१०,१४४ | २०,५७३,२२१,६४८ | १७,८८३,१०६,८१० |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ६५,०६०,६४५,४६३ | ५६,५३०,३३९,६४९ | ४०,५९०,९५६,२७२ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ३,५८०,४७१ | ३,६३९,१६९ | (०) |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ६९,७९०,६४२,७६५ | ६१,९८७,८५९,५८४ | ४५,४५६,६४८,०५६ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १४१,४८८,५०१ | २२५,८४४,०२१ | ७४०,५०३,५२७ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ६०,७३७,१०२,९६१ | ५४,०२८,६३३,२३८ | ३६,३७६,१४७,३५३ |
| ३.३ | अन्य सम्पत्ती | ८,९१२,०५१,३०३ | ७,७३३,३८२,३२६ | ८,३३९,९९७,१७६ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ४,७२९,९९७,३०२ | ५,४५७,५१९,९३५ | ४,८६५,६९१,७८४ |
| ४.१ | चालु दायित्व | १,७५८,२३०,६६९ | २,२७९,७६७,१४९ | २,८६७,९९१,६६८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २५६,५२९,८८३ | २०४,२५६,७२६ | ३३९,२२५,६४५ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,८७६,१६५,२८७ | २,२१०,५६३,०८६ | १,२९४,०५०,२९८ |
| ४.४ | अन्य व्यवस्था | ८३९,०७१,४६३ | ७६२,९३२,९७४ | ३६४,४२४,१७३ |
| | नाफा-नोक्सान हिसाव | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ४५०,६३७,६५० | २४७,३४७,१८४ | ५८८,६००,१८५ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ६३,४०१,६९८ | ५६,९८४,४०४ | (३१,६२१,९०८) |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ३८७,२३५,९५२ | १९०,३६२,७८० | ३६४,२२३,००५ |
| १.४ | व्यवस्था फिर्ता | – | – | २५५,९९९,०८८ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ३२०,१३८,१५८ | २४०,३१४,०७४ | १५८,८१०,५८७ |
| २.१ | व्यवस्थापन खर्च | ५३,२९१,४०४ | २१,८१९,८५४ | ४८,०६८,५६० |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १७६,६६८,६७१ | १८०,८८९,०७६ | – |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | २२,०६७,७५७ | ४,४६३,८२५ | ५४,०४७,९९१ |
| २.७ | आयकर | ६८,११०,३२४ | ३३,१४१,३१९ | ५६,६९४,०३६ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | १३०,४९९,४९३ | ७,०३३,१११ | ४२९,७८९,५९८ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

| | एकीकृत आय-व्यय हिसाव | | | |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | २६,६१७,५२६,५२२ | १५,५०२,०९६,१६० | २३,८२१,०७९,८५४ |
| १.१ | बीमाशुल्क (खुद) | १८,११०,३१६,८०४ | ९,७४७,१९२,६५५ | १७,०८७,६८३,४७६ |
| १.२ | पुनर्बीमा कमिशन आय | १३,३३७,८९८ | ६,६२९,००६ | १९,८६२,२०३ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ४,२०९,४४१,९५३ | २,२०४,५५६,४२४ | ३,५३४,९५६,००० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १,१७६,२३८,८४६ | ५९८,४९१,५३१ | ९८२,०५१,४५९ |
| १.५ | अन्य प्रत्यक्ष आय | २०७,०४९,५५५ | १०९,०२५,३७० | १८७,०९८,९२३ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २,५५५,०७१,८२६ | २,५५५,०७१,८२६ | १,६१६,१४०,७९४ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३४६,०६९,६४० | २८१,१२९,३४८ | ३९३,२८६,९९९ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १२,७१३,०४१,३८३ | ८,३६४,४१३,६११ | १०,२९१,१५१,६२८ |
| २.१ | दावी भुक्तानी (खुद) | ७,३०६,६३४,३६० | ४,२६१,२३५,१२९ | ५,५६७,५४६,९८६ |
| २.२ | अभिकर्ता कमिशन | १,८४४,६८२,२२९ | ९९६,१०४,५९५ | १,९२०,८७७,९५९ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | ६,३६७,३७५ | २,८७४,४३८ | ८,२५७,९१३ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १८१,०४७,९१४ | ९७,४६७,५३७ | १७०,६७९,४९८ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | १,२६८,९८० | ६५६,८१० | १,५७२,८९० |
| २.७ | व्यवस्थापन खर्च | ४७९,६२२,६३८ | १९६,३७८,६८६ | ४३२,६१७,०४० |
| २.८ | आयकर | ७६०,७२२,७१७ | ३९४,८७६,६०५ | ५५६,३२३,३९९ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था ८ | १,८७६,१६५,२८७ | २,२१०,५६३,०८६ | १,२९४,०५०,२९८ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | २५६,५२९,८८३ | २०४,२५६,७२६ | ३३९,२२५,६४५ |
| ३ | वचत (१-२) | १३,९०४,४८५,१३९ | ७,१३७,६८२,५५० | १३,५२९,९२८,२२६ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | १३,८४१,०८३,४४१ | ७,०८०,६९८,१४६ | १३,५६१,५५०,१३४ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ६३,४०१,६९८ | ५६,९८४,४०४ | (३१,६२१,९०८) |

*भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था अन्तर्गत अवधि समाप्ती (maturity payment), आंशिक अवधि समाप्ती दावी (Survival payment) र मृत्यु दावी (Death claim payment),पर्दछ । उल्लेखित रकम मध्य रु ९.८४ करोड मृत्यु दावी (Death claim payment) वापत ब्यवस्था गरिएको छ ।

| | अन्य विवरण | | | |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | १७०,०८२,३४१ | १६१,६००,८७४ | १३६,७२९,०८१ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | १८,३९०,४७६ | ९,९०९,००९ | १७,४०६,९७२ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,३८६,०५५ | १,३९३,२५८ | १,३३५,४६७ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७६-७७ सम्मको) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७७-७८ देखि हाल सम्म) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ६,६२७,७२८ | ३,९१६,७२६ | ५,२४५,४५६ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | १६,७१४ | १६,१२० | २६,४८३ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,८७६,१६५ | २,२१०,५६३ | १,२९४,०५० |

दृष्टव्यः १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) दोस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७८/१०/२९ गतेको राजधानी दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : ३.६३ | प्रति शेयर नेटवर्थ : १३४.३४ | पि.ई. अनुपात : ४७३.६६ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,९३४ | औसत प्रतिफल दर : ९.६४ |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


आ.व. २०७६/७७ को बीमङ्किय मुल्याङ्कन समितिबाट स्वीकृत भइसकेको हुनाले आ.व.२०७६/७७ को बीमङ्किय मुल्याङ्कनबाट प्राप्त जगेडा तथा अन्य कोषहरु शुरुको मौज्दातमा समायोजन गरिएको छ । आ.व.२०७७/७८ को कम्पनीले शेयर लगानी नोक्सानी वापत रु १७,६६,६८,६७१.०० व्यवस्था गरेको कारण आ.व.२०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा रु. १३.०५ करोड मात्र मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.४२.९७ करोड मुनाफा आर्जन भएको थियो । कम्पनीले असमाप्त जोखिम वापत व्यवस्थाको गणना गर्दा पुल व्यवस्थापन अघि आ.व. २०७५ पौष मसान्त सम्ममा जारी गरिएका वैदेशिक रोजगार विमा मध्ये रु १,५७,७५,८३५.०२, पुल व्यवस्थापन पश्चात आ.व. २०७६/७७ सम्मको विमाङ्किय मुल्याङ्कनबाट आएको असमाप्त जोखिम वापत व्यवस्था रकमको ५०% रु ११,१७,१३,८५४.०० र आ.व. २०७७/७८ र आ.व. २०७८/७९ को दोस्रो त्रैमास सम्मको पुल व्यवस्थापनबाट आएको बिमा शुल्क सहितको ११६.६६% रु ६,०३,७६,१५२.९९ र अन्य म्यादि रु ६,८६,६४,०४१.०० गरि जम्मा रु २५,६५,२ ९,८८३.०० व्यवस्था गरेको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. १,३८४.११करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. १२,४८३.९४ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको दोस्रो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. १,८३९.०५ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. १,७४०.७० करोडको तुलनामा ५.६५ प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उत्कृष्ट बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस दोस्रो त्रैमासिक अवधिसम्ममा रु. ६६२.७७ करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले दोस्रो त्रैमासिक अवधिसम्ममा रु. १२९.८७ अरव भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १०५.६१ अरव मा २२.९७ प्रतिशतको बृद्धि हो । कम्पनीले नेपाल लाईफ क्यापिटल लि. अधिग्रहण गरी तहाँको ५१ प्रतिशत शेयर रु. १५.३० करोड दिर्घकालिन लगानीमा समावेश गरेको छ । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ ।
बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तीय क्षमता सुदृढ बनाएको छ ।
कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(*बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीव्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,७६३ | न्यूनतम मूल्य :रु १,२७० | अन्तिम मूल्य : रु १,७१७ | कारोबार संख्या : २६,२९,९१३ कित्ता | कारोबार दिन : ५९ दिन | कारोबार रकम : रु ४,०८,५२,१०,८९५.४० |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा CA Firm लाई outsource गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले नियमनकारी निकायले औंल्याएका कैफियतहरुलाइ पालना गरि बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

सुशिल कुमार चौधरी
कार्यवाहक प्रमुख कार्यकारी अधिकृत

रजिष्टर्ड कार्यालयः मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालयः कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...